नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

मिति

काठमाडौँ उपत्यकामा भएको वायु प्रदूषण नियन्त्रण गर्ने सम्बन्धमा बसेको बैठक सम्बन्धी

प्रेस-विज्ञप्ति

आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव महेन्द्रमान गुरुङ्गको अध्यक्षतामा शहरी क्षेत्रमा खासगरी काठमाडौँ उपत्यकामा हाल उच्चस्तरमा व्याप्त वायु प्रदूषणको नियन्त्रणका लागि तत्काल चाल्नुपर्ने आवश्यक कदमहरुबारे विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका पदाधिकारीहरुबीच छलफल भयो | उक्त छलफलमा गत वर्ष राष्ट्रिय योजना आयोगले तयार गरेको काठमाडौँ उपत्यकाको वायु प्रदूषण नियन्त्रण कार्ययोजना प्रस्तुति गर्दै लगभग एकवर्ष व्यतीत हुन लाग्दा पनि कुनै उल्लेखनीय प्रगति नभएकोबारे वातावरण विभागका महानिर्देशकले जानकारी गराउनुभयो | कार्ययोजनामा राखिएका बाह्रवटा क्रियाकलापको आगामी दिनमा प्रभावकारी कार्यान्वयन गर्न बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव डा. नारायणप्रसाद रेग्मीको नेतृत्वमा एक द्रुत कार्यान्वयन टोली (Quick Action Team) गठन गर्ने निर्णय गरेको छ | वातावरण मन्त्रालय, महानगरपालिका, सडक विभाग, ट्राफिक प्रहरी संगठनका प्रतिनिधि सदस्य रहेको उक्त टोलीले काठमाडौँ उपत्यकामा वायु प्रदूषण नियन्त्रणका लागि कार्ययोजनाले तय गरेका क्रियाकलापको कार्यान्वयन गराउने, अनुगमन गर्ने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई मासिक रूपमा प्रतिवेदन दिने कार्यसूची तोकेको छ |

यसका साथै बैठकले राष्ट्रिय योजना आयोगमा पेश भएको उपत्यकाको प्रदूषण नियन्त्रण सम्बन्धी कार्ययोजना तत्काल कार्यान्वयनमा लैजाने, विस्तार गरिएका वा नयाँ निर्माण वा मर्मत गर्न लागिएका सडक निर्माण कार्य यथाशक्य चाँडो समयमै गर्ने, सडक निर्माण वा मर्मत गर्दा प्रदूषण कम हुनेगरी र धुलो हुने स्थानहरुमा दैनिक रुपमा कम्तीमा २ पटक पानी छर्कने व्यवस्था गर्ने र सोको सम्बद्ध निकायले नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने, वातावरण विभागले वायु प्रदूषण अनुगमन उपकरणले देखाएको तथ्याङ्क उपत्यकाका ठाउँ-ठाउँमा डिस्प्ले बोर्डमार्फत् देखाउने व्यवस्था मिलाउने र निश्चित सीमा भन्दा बढी प्रदूषण भएमा गरिने कारवाही बारेमा योजना बनाउने, महानगरपालिकाले प्रदूषण गर्ने होटेल, उद्योग,कलकारखानाको नियमित अनुगमन गरी प्रदूषण गर्नेलाई सजाय गर्ने, वायु प्रदूषण रोकथाम र सतर्कता अपनाउन नियमित प्रचार-प्रसार कार्य गर्ने, महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरुले खुला क्षेत्रमा ल्याई फोहर बाल्ने कार्यलाई रोक्न प्रचार प्रसार गर्नुका साथै सजाय दिन शुरु गर्ने, जनसंख्या तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐनको संशोधनको लागि १ महिना भित्र मस्यौदा तयार गर्ने, प्रदूषण कोषमा जम्मा भएको रकम उपयोगका लागि यातायात व्यवस्था विभाग, वातावरण विभाग र ट्राफिक प्रहरीका लागि आवश्यक पर्ने उपकरणहरु खरिद गर्न बजेट प्रस्ताव गरी वातावरण मन्त्रालयमा पठाउने र वातावरण मन्त्रालयले अर्थ मन्त्रालयसँग समन्वय गरी बजेट उपलब्ध गराउने व्यवस्था मिलाउने, मेलम्चीको पाइप बिछ्याउने क्रममा भत्किएका सडक पुनर्निर्माण चाँडो गर्ने र सडक मर्मत गर्दा प्रदूषण कम गर्ने उपायहरु अवलम्बन गर्ने, वातावरण मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले ग्रीन स्टीकरका बारेमा छलफल गरी टुंग्याउने निर्णय गरेको छ ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np



वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

मिति: ..........

बैठकमा वायु प्रदूषणले स्वास्थ्यमा पारेको नकारात्मक असर, वायु प्रदूषण नियन्त्रणका लागि क्रियाशील निकायहरुबीच समन्वय, बढी वायु प्रदूषण हुने क्षेत्र (hotspot) को पहिचान, वायु प्रदूषण बढी भएका क्षेत्रहरुमा प्रदूषणका कारकतत्वहरुको नियन्त्रण, फोहोर जलाउने कार्यको नियन्त्रण, हरियो स्टिकरको प्रभावकारी कार्यान्वयन, युरो ६ मापदण्ड लागु गर्नेआदि विषयहरुका बारे व्यापक छलफल भएको थियो । छलफलमा उठेका विषयहरुमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवले सरोकार राख्ने सबै निकायहरुलाई गम्भीर हुन र प्रदूषण नियन्त्रण गर्ने उपायहरु समन्वयात्मक रूपमा अघि बढाउन निर्देशन दिंदै यस कार्यमा कार्यालयले आवश्यक समन्वय र सहजीकरण गर्ने बताउनुभयो ।

उक्त छलफलमा जनसंख्या तथा वातावरण मन्त्रालय, उद्योग मन्त्रालय, स्वास्थ्य मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी तथा सरसफाई मन्त्रालय, काठमाडौँ उपत्यका नगर विकास प्राधिकरण, वातावरण विभाग, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ महानगरपालिकालगायत सरकारी निकायका उच्च पदस्थ पदाधिकारीहरु तथा वातावरणविद्, र वातावरण पत्रकारहरुको समेत उल्लेख्य सहभागिता रहेको थियो ।

**२०७४ मङ्सिर ०१ गते शुक्रवार**

सहसचिव
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : infc@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np